
येशूका सेवा कार्यमा एक दिन
जुलाई १३, २०२४को निम्ति अध्याय २
GOODSALT.COM


"मेरो पछि लाग," येशूले भन्नुभयो, "म तिमीहरूलाई मानिसहरूका मछुवा बनाएर पठाउँछु" (मर्कूस १:१७)।



**येशूका दैनिक जीवन कस्तो थियो होला? उहाँसँग एक हप्तासम्म हिँड्यौँ भने कस्तो हुने होला?**

आफ्नो पहिलो अध्यायको अन्तिम भागमा मर्कूसले त्यसलाई अनुभव गर्न सहायता गर्दछ (मर्कूस १:१६-४५)।

माछा मार्ने माझीहरूको समूहलाई उनको पछि पूरै दिन लाग्न येशूले आह्वान गर्नुभएदेखि सुरु गर्नेछौं; व्यस्त साबथ दिनमा हामी रमाउनेछौं; र अन्तमा तिनीहरूको दैनिक जीवन कस्तो थियो सो हेर्ने छौं।












**विशेष क्रियाकलापहरू:**

- चेलाहरू बन्न आहवान मर्कूस १:१६-२०।

**साबथमा क्रियाकलाफहरू:**

- यहूदी सभाभवनमा प्रवचन। मर्कूस १:२१-२२।
- चङ्गाई। मर्कूस १:२९-३४।

**दैनिक क्रियालापहरू**


- प्रार्थना र प्रचार मर्कूस १:३५-३९।
- निको पार्नुहुन्छ र व्यवस्थालाई सम्मान गर्नुहुन्छ मर्कूस १:४०-४५।

# विशेष क्रियाकलापहरू




# चेलाहरू हुन आह्वान

“"मेरो पछि लाग," येशूले भन्नुभयो, "म तिमीहरूलाई मानिसहरूका मछुवा बनाएर पठाउनुछु" (मर्कूस १:१७)।



मर्कूसको वर्णनमा उनको शैली सटिक र संक्षिप्त भएको पाइन्छ। यदि अरू सुसचारका पुस्तकहरूलाई पढेनौं भने उनको शैलीलाई गलत ढङ्गले हेर्ने हुनेछौं।



ती मानिसहरू येशूसँग आमनेसामने भएको पहिलो पल्ट होइन। बप्तिस्मा दिने यूहन्नाका अनुयायीहरू भएकोले तिनीहरूले येशूको बारेमा सुनेका थिए, र तिनीहरू उहाँको पछि लागेका थिए। उहाँको पछि लाग्ने पहिलो आन्ड्रूय र यहून्ना थिए। त्यस पछि तिनीहरूका दाजुभाईहरू उहाँको पछि लागेका थिए (यूहन्ना १:३५-४२)।



येशूले पत्रुसको डुङ्गाबाट प्रचार गर्नुभएको थियो। अनि अचम्म तरिकाले माछाहरू पक्रेमा थिए। चार जना भाईहरूका जाली झण्डै चुँडेको थियो किनभने त्यसमा धेरै माछाहरू परेका थिए (लूका ५:१-७)र जब याकूब र यूहन्नाल जालहरू मरमत गर्दै थिए, पत्रुस येशूका पाऊहरूमा लम्पछार पर्छन् (लूका ५:८-११)।



याकूब र यूहन्नाले आफ्नो परिवारको कारोबार तिनीहरूका बुबाको हातमा सुम्पेका थिए। पत्रुस र आन्ड्र्युले मानिसहरूलाई येशूतिर फर्काउन आफ्नो माछा मार्ने पेशा छोडेका थिए। येशूको आह्वानलाई शिरोपर गर्दा तिनीहरूको जीवन नै परिवर्तन भएको थियो, र तिनीहरूले सारा संसारलाई नै परिवर्तन गरेका थिए।

# साबथमा क्रियाकलापहरू

# यहूदी सभा घरमा प्रवचन

"तिनीहरू कपर्नेमममा गए। जब साबथ आयो तब येशूले यहूदी सभाघर सिनिगगमा जानुभयो र सिकाउन थाल्नुभयो।" मर्कूस १:२१।




**शनिबारको दिन सिनिगगमा जाने येशूको चलन थियो भनेर सुसमाचारको पुस्तकले स्पष्ट पारेका छ। उहाँ कहिलेकाहीँ मात्र आराधना स्थलमा जाने गर्नुहुन्नथ्यो। लूका ४:१६।**




**येशूको प्रवचनलाई मानिसहरूले कसरी प्रतिक्रिया जनाए? (मर्कूस १:२२)**

येशूको वचन सुनेर सबै जना खुशी थिएनन्। येशूको प्रवचनको सेवाकार्यलाई सैतानले बाधा दिन निर्णय गऱ्यो। येशूको प्रभावलाई निश्क्रिय पार्न उसले खोजेको थियो (मर्कूस १:२३-२८)। तर सिघ्र हस्तक्षेपले अझ धेरै मानिसहरू उहाँ प्रति प्रभावित भएका थिए (मर्कूस १:२७-२८)।


**यस कथामा ती तथ्यहरू पाइन्छ::**

1. चर्चमा नै दुष्ट आत्माले सताएको मानिस थियो। तिनीहरू चर्चका सामाहरू हुन्। तिनीहरूलाई हामी छुट्याउन सक्दैनौं (मत्ती १३:२४-३०)।
2. दुष्ट आत्मालाई थाहा थियो येशू को हुनुहुन्छ भनेर। त्यसकारण उहाँको प्रभावलाई मत्थर पार्न उसले खोजेको थियो।
3. **येशूले उसलाई चुप रहन आदेश दिनुभयो। उहाँ मसीह हुनुहुन्छ भनेर खुलेआमा घोषणा गर्ने समय थिएन।**



# चढाई

"जब बेलुका भयो र घाम अस्तायो, तिनीहरूले उहाँका सबै रोगले ग्रस्त भएका मानिसहरूलाई ल्याए। तिनीहरूमा दुष्ट आत्माले सताएका मानिसहरू पनि थिए" (मर्कूस १:३२)।



सिनिगगमा हुने सेवा कार्यपछि येशू आफ्ना चार जना चेलाहरूसँग पत्रुसको घरमा खानपिन गर्न गए (मर्कूस १:२९)।

जब तिनीहरू खाना तयार गर्दै थिए तब तिनीहरूले पत्रुसको सासु ज्वरले ग्रस्त भएको येशूलाई सुनाए (मर्कूस १:३१)। जब उनी निको भइन् तब पाहुनाहरूको सेवा गर्न उनी लागिन् (मर्कूस १:३१)। जब येशूले हामीलाई आशिष दिनुहुन्छ वा कल्याण गर्नुहुन्छ तब अरूको सेवा गर्न पनि हामीमा चाहना उब्जिन्छ।

कपर्नुमका घरघरमा येशूले दुष्ट आत्मालाई निको पार्नेभएको चर्चा नै मुख्य विषय बनेको थियो। त्यसकारण, साबथको पवित्र समयपछि जब घाम अस्ताए तब तिनीहरूले बिरामीहरूलाई निको पार्न येशूकहाँ ल्याए। मर्कूस १:३२-३४।





कस्तो आनन्दको समय थियो। सिमोनको घरमा प्रशंसाका गीतहरू घन्केका थिए! निको पार्नेहरूले मात्र परमेश्वरको प्रशंसा गरेनन् येशू आफै पनि तिनीहरूलाई निको पार्नुभएको आनन्दित हुनु भएको थियो।

अत्यन्तै थकान र पेलानको दिन पछि रातमा येशू आखिरमा विश्राम लिनुभयो।

# दैनिक क्रियाकलापहरू




# प्रार्थना र प्रचार

"बिहान सबैरै अँध्यारो भएकै बेलामा येशू उठ्नुभयो र घर छोड्नुभयो र एकान्त ठाउँमा जानुभयो र त्यहाँ प्रार्थना गर्नुभयो" (मर्कूस १:३५)।

आइतबारको दिन, येशूले सहरमा प्रचार गर्न चेलाहरू पर्खेका थिए। तर येशूको योजना भिन्नै थियो। उहाँका वचनहरू र क्रियाकलापले धेरै मानिसहरूले फाइदा उठाउन परेका थियो (मर्कूस १:३६-३९)।



तर येशूले आफ्नै अग्रसरताले काम गर्नुभएको थिएन। साविक अनुसार उहाँले आफ्नो पितासँग पहिला कुरा गर्न जानुभएको थियो। दिनभरी उहाँले के गर्नुपर्छ उहाँलाई पिताले भनोस् भन्ने उहाँको चाहना थियो (मर्कूस १:३५; यूहन्ना ८:२८)।







हरेक दिन येशूले प्रार्थनाद्वारा परमेश्वरसँग उहाँको कामको बारेमा परामर्स लिनुहुन्थ्यो। उहाँको अनुसरण गर्न उहाँले हामीलाई आह्वान गर्नुहुन्छ (मर्कूस ६:४६; लूका ३:२१; ५:१६;९;१८;११:१; १८:१)। विशेष परिस्थितिमा रातभरी नै उहाँ प्रार्थना गर्न समय बिताउनुहुन्थ्यो (लूका ६:१२-१३; मत्ती १४:२१-२३)।

**के हामी पनि येशूले जस्तै परमेश्वरको इच्छा जान्न दिन दिनै प्रार्थना गर्नुपर्दैन र? विशेष परिस्थितिहरूमा के प्रार्थनाद्वारा उहाँलाई विशेष गरेर नखोज्ने त?**

# निको पार्नुहुन्छ र यहूदी व्यवस्थालाई सम्मान गर्नुहुन्छ

"तिमीले कसैलाई भन्न प्रयास नगर्नु। तर तिमीहरूले पुजारीलाई गएर तिम्रो हात देखाऊ र शुद्ध गर्न मोशाले आदेश गरेको अनुसार बलिहरू चढाऊ। तिनीहरूको निम्ति त्यो गवाही होस्।" मर्कूस १:४४।





सबै मानिसहरूबाट कुष्ट रोगले गर्दा आइसोलेट वा अलग गरिएको कुष्ट रोगी येशूको सामु घुँडा टेकेर निको गर्न बिन्ति चढाएको थियो (लेभी १३:४५; मर्कूस १:४०)।

सर्वसाधारणको भीडको सामु येशूले यहूदी संस्कारको विपरित कुष्ट रोगीलाई छुनुभएको थियो, जसको फलस्वरूप त्यो शुद्ध भएको थियो। येशूले कुष्ट रोगीलाई शुद्ध पार्नुभएन तर निको पार्नुभयो।

जब हामी येशूकहाँ हाम्रा पाप र फोहर मैलासाथ आयौं भने उहाँ हामीबाट पन्छिनुहुन्न। उहाँले हामीलाई क्षमा दिनुहुन्छ र निको पार्नुहुन्छ। उहाँ जस्तै हामीलाई उहाँले शुद्ध र सफा गर्नुहुनेछ।

त्यस रोगीलाई निको पार्नुभएपछि उहाँले दुई आदेशहरू दिनुभयो जस्तो लक्ष्य दोबर थियो (मर्कूस १:४४)।

- तिमीले पुजारीहरूकहाँ गएर देखाऊ
  - उहाँले तत्कालिन यहूदीका विधान वा व्यवस्था प्रति श्रद्धा भएको देखाउनुभएको थियो
  - यसले पुजारीहरूलाई उहाँ मसीह हुनुहुन्छ भनेर ग्रहेण गर्ने अवसर दिनुभएको थियो
- चुपचाप हुन
  - कुष्ट रोगीलाई पुजारीहरूले पहिले नै नपन्छाउन समय उहाँले दिनुभएको थियो
  - भीडको सामु आफू अपेक्षा गरिएको मसीह हुँ भनेर घोषणा गरेर उत्तेजित पार्न चाहनुभएको थिएन



“यस संसारमा मुक्तिदाताको जीवन सहज थिएन। तर पापमा परिरहेका मानिसहरूलाई मुक्ति दिने काममा उहाँले कहिल्यै पनि थाक्नुभएन। उहाँ जन्मैदेखि नमरुञ्जेल निस्वार्थी जीवन बिताउनुभएको थियो। आफू कडा परिश्रम र थकित यात्राबाट आफूलाई स्वतन्त्र पार्न उहाँले कहिल्यै पनि खोज्नुभएन। उहाँले यो स्पष्ट गर्नुभएको थियो, 'मानिसको पुत्र सेवा पाउन वा भाउ पाउन आएको होइन तर सेवा गर्न र धेरैलाई मुक्ति दिन आफ्नो जीवन दिन आएको हो।' मत्ती २०:२८। उहाँको जीवनको महान् लक्ष्य नै त्यही थियो। अरू सबै थोकहरू उहाँको निम्ति कमसल थियो। परमेश्वरको इच्छा पूरा गर्न र उहाँको काम सम्पन्न गर्न उहाँको निम्ति खानु र पिउनु जस्तै थियो। उहाँले गर्नुभएको काममा स्वार्थताको एउटा रेखा पनि थिएन।""

**एलेन जी॰ ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ॰ ७७**